# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ४ जेठ ३२, २०८०

## भाग-३

## सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/०२/३२ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णय</th></tr>
<tr><td>१</td><td>यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो ।</td></tr>
<tr><td>२</td><td>मालपोत कार्यालय तमघास, गुल्मीको च.नं. १५३० मिति २०८०/०२/१४ गतेको पत्र र मालपोत कार्यालय मजुवाबजार गुल्मीको च.नं. ६९९ मिति २०८०/०२/१७ गतेको पत्र बमोजिम मालपोत नियमावली २०३६ को नियम ५ख बमोजिम घरजग्गाको थैलीअंक कायम गर्ने प्रयोजनका लागि गठित समितिमा पेश गर्ने प्रयोजनको लागि आ.व.२०८०/८१ को घर जग्गा रजिष्ट्रेशन प्रयोजनका लागि राय सुझाव सहित प्रतिवेदन माग भएकोमा तपशिल बमोजिमको न्यूनतम थैलि अंक कायम गर्न सिफारिस गर्ने निर्णय गरिएको।<br>तपशिलः<br>१. वडा नं .१ र वडा नं. २ को क्षेत्रमा पर्ने घर जग्गाको रजिष्ट्रेशन पारित गर्नको लागि चालु आ.व.को थैलि अंकमा १०% ले वृद्धि गरि थैलि अंक कायम गर्ने ।<br>२. वडा नं. ३, वडा नं. ४ वडा नं. र वडा नं. ५ को क्षेत्रमा पर्ने घर जग्गाको रजिष्ट्रेशन पारित गर्नको लागि चालु आ.व.मा कायम रहेको थैलि अंकमा १०% ले वृद्धि गरि थैलि अंक कायम गर्ने।<br>३. वडा नं. ६ को उपल्लो हटिया र चिलनपोखराको बजार क्षेत्रमा रु.७,००,०००/रोपनी थैलि अंक कायम गर्ने र उपल्लो हटिया देखि चिलन पोखरासम्मको मोटर बाटोको दुवै तर्फ रु.५,००,०००/रोपनी थैलि अंक कायम गरि बाँकीको हकमा १०% ले बृद्धि गरी थैलि अंक कायम गर्ने।<br>वडा नं. ७ को उपल्लो हटिया, फेदी, ठूलोपोखरा, ठूलाचौर र घुम्टीको बजार क्षेत्रमा रु. ८,१५,०००/रोपनी थैलि अंक कायम गर्ने र बाँकीको हकमा १०% ले बृद्धि गरि थैलि अंक कायम गर्न सिफारिस गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>३</td><td>आ.व.२०८०/८१ को नीति तथा कार्यक्रम र बजेट निर्माणको लागि विभिन्न विषयगत समितिहरुको बैठक मिति २०८०/०३/०३ गतेसम्म बैठक सम्पन्न गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>४</td><td>गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अर्न्तगत भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट प्राप्त भएका गरिब परिवारको प्रारम्भिक सूची उपर दावि विरोध तथा गुनासो व्यवस्थापनको लागि यस कार्यालयबाट मिति २०७९/१२/०८ गते प्रकाशित सूचना अनुसार गरिव परिवारको सूचीमा समावेश गरी पाउँ भनी निवेदन पेश गरेका निवेदक मध्ये तपसील बमोजिमका २१४ जना घर परिवालाई गरिव परिवारको सूचीमा समावेश गर्ने, सामान्य गरिब तथा मध्यम गरिवको सूचीमा समावेश भएका २४ जना परिवारलाई अति गरिबको सूचीमा समावेश गर्ने र गरिब परिवारको प्रारम्भिक सूचीमा समावेश भएका २२० जना मध्ये १ जनालाई हटाउन भूमी व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो।<br>तपसिलः
<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">विवरण</th><th colspan="7">वडा नं.</th><th rowspan="2">जम्मा</th></tr>
<tr><th>१</th><th>२</th><th>३</th><th>४</th><th>५</th><th>६</th><th>७</th></tr>
<tr><td>१</td><td>प्रारम्भिक सूचीमा समावेश भएका</td><td>७४</td><td>४७</td><td>२८</td><td>२४</td><td>१४</td><td>१७</td><td>१६</td><td>२२०</td></tr>
<tr><td>२</td><td>नयाँ थप</td><td>७६</td><td>९</td><td>२६</td><td>२९</td><td>३८</td><td>२०</td><td>१६</td><td>२१४</td></tr>
<tr><td>३</td><td>संशोधन</td><td>६</td><td>२</td><td>०</td><td>४</td><td>४</td><td>४</td><td>४</td><td>२४</td></tr>
<tr><td>४</td><td>गरिव परिवार बाट नाम हटाउने</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>१</td><td>१</td></tr>
</table></td></tr>
</table>

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ५ | जम्मा कायम हुने संख्या | १५० | ५६ | ५४ | ५३ | ५२ | ३७ | ३१ | ४३३ |

| | |
|---|---|
| ५ | यस गाउँपालिकाबाट विभिन्न समयमा सम्झौता भए हालसम्म म्याद समाप्त भएका र भुक्तानी हुन बाँकी योजनाहरुको म्याद २०८०/०३/१५ गतेसम्म थप गर्ने निर्णय गरियो । |
| ६ | यस गाउँपालिकामा सञ्चालन भएका योजनाहरु मध्ये जेठ महिनामा अनुगमन गरिएका योजनाहरुको प्रतिवेदन माथि छलफल गरियो । |
| ७ | गुल्मीदरबार गाउँपालिका भित्रका "ग" वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई मासिक रु.५००।-दरले १२ महिनाको सामाजिक सुरक्षा रकम वितरण गर्ने निर्णय गरियो । |
| ८ | यस गुल्मीदरबार गाउँपालिकाका कानूनी सल्लाहकार श्री हरिप्रसाद अर्याल र प्रेस सल्लाहकार श्री नविन कार्कीलाई आ.व.२०७९/८० मा विभिन्न समयमा कार्यालयको कामकाजका लागि खटिने समयको लागि यातायात खर्च र खाजा खर्च बापत एकमुष्ठ रुपमा कानुनी सल्लाहकार श्री हरि प्रसाद अर्याललाई रु.५००००।- र प्रेस सल्लाहकार श्री नविन कार्कीलाई रु.४००००।- सेवा परामर्श खर्च शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो । |
| ९ | गुल्मीदरबार गाउँपालिकाको शैक्षिक क्षेत्र सुधारका लागि गठन भएको कार्यदलको काम सम्पन्न हुन नसकेको हुँदा १५ दिन म्याद थप गर्ने निर्णय गरियो । |
| १० | गुल्मीदरबार गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले निर्धारण गरेको वडा र विषयगत शाखाको बजेट सिलिङ्गलाई अनुमोदन गर्ने निर्णय गरियो । |
| ११ | गुल्मीदरबार गाउँपालिकाबाट तपशिलका शिर्कमा भएको खर्च भुक्तानी गर्ने निर्णय गरियो ।<br>तपशिलः<br>➢ गुल्मीदरबार गाउँपालिकामा आउनुहुने विभिन्न अतिथिहरुको स्वागत सत्कार, गाउँ कार्यपालिका बैठक, शिक्षा समितिको बैठक, गाउँपालिकाका बिभिन्न बैठक, योजनाको अनुगमन, लगायका कार्यक्रममा सन्तुष्ट भान्सा घरमा खाना तथा खाजामा भएको खर्च बापतको बिल पेश हुन आएको रकम रु. २१२४२०।- भुक्तानी गर्ने ।<br>➢ गुल्मीदरबार गाउँपालिकाका २ वटा गाडी विभिन्न कार्यक्रममा सहभागी हुन विभिन्न वडाहरुमा जान आउन तथा योजना अनुगमन गर्न जाँदा आउँदा र विपन्न नागरिकहरुलाई औषधि उपचारको लागि अस्पताल लैजान एवं ल्याउने कार्यको लागि एम्बुलेन्स नियमित चल्दा लाग्ने इन्धनमा भएको खर्चको जय शिवशक्ति स्टोर्सले पेश गरेको बिल बमोजिमको रकम रु.७११६८९।- भुक्तानि गर्ने। |

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत